नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

१. **बीरगञ्ज उप-महानगरपालिका वडा नं.१० स्थित रजनीश ट्रेडिङ कन्सर्न (स्थायी लेखा नम्बर३०००३३८७२) तथा डल्फीन ट्रेडर्स प्रा.लि. (स्थायी लेखा नम्बर ६०४२७८५५१) का संचालक तथा प्रोप्राइटर रजनीश कुमार गुप्ताले राजस्व चुहावट गरेको अभियोगमा रु २५,८०,६५,४२३।- (अक्षरुपी पच्चीस करोड असी लाख पैसठ्ठी हजार चार सय तेईस रुपैंया मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।११।१४ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**रजनीश ट्रेडिङ कन्सर्न (स्थायी लेखा नम्बर३०००३३८७२) तथा डल्फीन ट्रेडर्स प्रा.लि. (स्थायी लेखा नम्बर ६०४२७८५५१) का संचालक तथा प्रोप्राइटर रजनीश कुमार गुप्ताले** भन्सार चोरी पैठारी गरी भन्सार, मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी देहाय बमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु. २५,८०,६५,४२३।- (अक्षरुपी पच्चीस करोड असी लाख पैसठ्ठी हजार चार सय तेईस रुपैंया मात्र)** कायम गरी प्राप्त सबै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त फर्मको प्रोप्राइटर तथा संचालकलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **२५,८०,६५,४२३।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन मागदावी लिई मिति २०७७।११।१४ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

२. **विराटनगर महानगरपालिका वडा नं. ९ स्थित बाबा फ्लोर मिल्स प्रा.लि.(स्था.ले.नं.३००२१७१३१) को संचालक तथा गोपाल फ्लोर मिल प्रा. लि. (स्था.ले.नं. ३०३७०५९३०) को मुख्य कारोबारी सुरेश कुमार राठी समेत ३ जनाले राजस्व चुहावट गरेको अभियोगमा रु. १५,३६,६३,६७२।०० (अक्षेरेपी पन्ध्र करोड छत्तिस लाख त्रिसट्ठी हजार छ सय बहत्तर मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।११।१६ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**बाबा फ्लोर मिल्स प्रा.लि.(स्था.ले.नं.३००२१७१३१) को संचालक तथा गोपाल फ्लोर मिल प्रा. लि. (स्था.ले.नं. ३०३७०५९३०) को मुख्य कारोबारी मोरङ्ग, विराटनगर वस्ने सुरेश कुमार राठी, बाबा फ्लोर मिल्स प्रा.लि. को संचालक सुमन राठी तथा कम्पनीका मेनेजर गिरधारी लाल अग्रवालले** बास्तविक विक्री-आम्दानीभन्दा घटी विक्री देखाई मूल्य अभिवृद्धि कर, लाभांश कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको साथै VCTS समेतको पालना नगरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (छ) बमोजिम कसुर गरी देहाय बमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा विगो **रु. १५,३६,६३,६७२।- (अक्षेरेपी पन्ह करोड छत्तिस लाख त्रिसठ्ठी हजार छ सय बहत्तर मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त फर्मको प्रोप्राइटर तथा संचालकहरुलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **१५,३६,६३,६७२।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन मागदावी लिई मिति २०७७।११।१६ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**